लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

आर्थिक वर्ष २०८२/८३

पहिलो त्रयमास - २०८२ असोज

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

बिषय-सूची

खण्ड (१)

१. परिचय उद्देश्य तथा संख्यात्मक विवरण

१.१ परिचय
१.२ उद्देश्य
१.३. प्रमुख संख्यात्मक विवरण

खण्ड (२)

२. लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

खण्ड (३)

३. निर्देशन पालना स्थिति

अनुसूचीहरु

(क) Key Financial Indicators
(ख) Sources and Uses
(ग) Progress Report

खण्ड (१)

परिचय तथा उद्देश्य

१.१. परिचय

२०८२ असोज मसान्तमा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुले यस विभागमा पेश गरेको आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ मा भएको व्यवस्था बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वासावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानून तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

१.३. सीमा

(क) प्रतिवेदन २०८२ असोज मसान्तमा सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको अपरिष्कृत वित्तीय विवरणहरुका आधारमा तयार गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

खण्ड (२)

लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

२.१ पहुँच

२०८२ असोज मसान्तसम्ममा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेको छ। ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु मध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ४९ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन्। **लघुवित्त वित्तीय संस्थाहरुको शाखा पछिल्लो समयमा घटेको देखिन्छ। अघिल्लो आर्थिक बर्षको पहिलो त्रयमासमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्यामा ०.८८ प्रतिशतले र चालु आर्थिक बर्षको पहिलो त्रयमासमा ०.२८ प्रतिशतले ह्रास आएको देखिन्छ।** समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या ३.९२ प्रतिशतले बढेर ६२ लाख ८३ हजार र ऋणी संख्या १.२८ प्रतिशतले बढेर २७ लाख ८ हजार पुगेको छ।

तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	(२-१)/(१)/१००	(४-३)/(३)/१००
कुल संस्था संख्या	५२	५२	५२	५२	०.००	०.००
कुल शाखा संख्या	५,०१२	४,९६८	४,९६१	४,९५४	-०.८८	-०.२८
कार्य क्षेत्र रहेको जिल्ला	७७	७७	७७	७७	०.००	०.००
कुल केन्द्र संख्या (हजारमा)	४५९	४६३	४७३	४७३	०.७५	२.२१
कुल समूह संख्या (हजारमा)	१,४१६	१,४२८	१,४७८	१,४९२	०.८४	४.४४
कुल सदस्य संख्या (हजारमा)	५,९९५	६,०४६	६,२२१	६,२८३	०.८४	३.९२
कुल ऋणी संख्या (हजारमा)	२,६६४	२,६७४	२,७०७	२,७०८	०.३८	१.२८
कुल कर्मचारी संख्या	२१,७२७	२१,५९५	२१,७१७	२१,९२०	-०.६१	१.५०
राष्ट्रिय स्तरका संस्था*	३९	३७	३९	३९	-५.१३	०.००
क्षेत्रीय/जिल्ला स्तरका संस्था	४	४	४	४	०.००	०.००
प्रादेशिकस्तरका संस्था	९	११	९	९	२२.२२	०.००

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ।*

चार्ट २.१: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)



प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु सबैभन्दा बढी लुम्बिनी प्रदेशमा रहेको देखिन्छ। २०८२ असोज मसान्तसम्ममा उक्त प्रदेशमा भएका शाखाको संख्या कुल शाखा संख्याको २२ प्रतिशत (१०९३ शाखा) रहेको छ। पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ। उक्त प्रदेशमा कुल शाखा संख्याको ५ प्रतिशत मात्रै शाखाहरु (२३८ शाखा) सञ्चालनमा रहेका छन्।

२.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ। यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १/०८१ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ। २०८२ असोज मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.९७ प्रतिशत र १३.४० प्रतिशत रहेको छ। समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०८२ असार मसान्तको तुलनामा ०.०६ प्रतिशतले बढेको र जोखिम भारित सम्पत्ति ६.४० प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ०.४३ प्रतिशत र १.३६ प्रतिशतले बढेको थियो।

तालिका २.२: पुंजीकोष सम्बन्धी विवरण

(रु.करोडमा)

विवरण	असार २०८१ (१)	असोज २०८१ (२)	असार २०८२ (३)	असोज २०८२ (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
चुक्ता पूँजी	३,५८३.५१	३,५९९.०६	३,८४२.९२	३,८४५.२३	०.४३	०.०६
प्राथमिक पूँजी	५,७४०.७७	५,६८२.१३	६,२४३.४३	६,२१८.३५	(१.०२)	(०.४०)
पूँजीकोष	६,३९०.६८	६,३१६.६५	६,९५१.५८	६,९६३.३५	(१.१६)	०.१७
जोखिम भारित सम्पत्ति	५१,२५४.२०	५१,९५३.०२	५५,५०२.८९	५१,९५३.०२	१.३६	(६.४०)
प्राथमिक पूँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	११.२०	१०.९४	११.२५	११.९७		
पूँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	१२.४७	१२.१६	१२.५२	१३.४०		

२.३ वित्तीय स्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले लिएको सापटी रकम घटेको छ। यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पुँजी र सापटी रहेको छ। २०८२ असोज मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूले ३८ अर्ब ४५ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०८२ असार मसान्तको तुलनामा ९.५१ प्रतिशतले घटेको देखिन्छ। साथै, आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा त्यस्ता संस्थाको वित्तीय स्रोत संकलन ७.९९ प्रतिशतले घटेको थियो। लघुवित्त वित्तीय संस्थाहरुले कुल प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेकोमा थोक कर्जा प्रदायक संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ३.५९ गुणा मात्र रहेको छ।

तालिका २.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
(क) निक्षेप	२८३.८९	२६८.२७	४०४.०९	४२९.९९	(५.५०)	६.४१
(ख) सापटी	४,३९१.५०	४,०३३.४१	३,८४५.५४	३,४१५.३०	(८.१५)	(११.१९)
कुल वित्तीय स्रोत संकलन	४,६७५.३९	४,३०१.६८	४,२४९.६२	३,८४५.२९	(७.९९)	(९.५१)
प्राथमिक पुँजी (अघिल्ला त्रयमास)	१०२२.५०	१०६९.६४	११०९.३५	१०६९.६४		
वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	४.५७	४.०२	३.८३	३.५९		

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप तथा बचत र सापटी रकममा सामान्य वृद्धि भएको देखिन्छ। २०८२ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत/निक्षेप संकलन रू. २ खर्ब ६२ करोड र सापटी रू. १ खर्ब ९९ अर्ब ८ करोड गरी जम्मा रू. ३ खर्ब ९९ अर्ब ७१ करोड वित्तीय स्रोत संकलन गरेका छन्। चालु आर्थिक वर्षको पहिलो त्रयमासमा बचत संकलन २.५१ प्रतिशतले बढेको छ भने सापटी रकम ०.९७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा

बचत संकलन र सापटी क्रमश १.६६ प्रतिशत र ४.५६ प्रतिशतले बढेको थियो । २०८२ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ८.२१ गुणा पुगेको छ (तालिका २.४)। लघुवित्त बित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

तालिका २.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
(क) निक्षेप तथा बचत	१७,३८२.१९	१७,६७०.१४	१९,५७१.५२	२०,०६२.४४	१.६६	२.५१
(ख) सापटी	१८,६८३.१०	१९,५३४.६४	२०,१०४.०१	१९,९०८.६७	४.५६	(०.९७)
कुल वित्तीय स्रोत संकलन	३६,०६५.२९	३७,२०४.७८	३९,६७५.५३	३९,९७१.१२	३.१६	०.७५
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	४,२९१.१५	४,८६७.१२	४,६३१.५३	४,८६७.१२		
वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	८.४०	७.६४	८.५७	८.२१		

२.४ कर्जा तथा सापटी

२०८२ असोज मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमा ह्रास आएको छ भने निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भएको छ। थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८२ असारको तुलनामा ७.९० प्रतिशतले घटेर २०८२ असोज मसान्तमा रू. ४४ अर्ब ९१ करोड पुगेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्कृय कर्जा रु.१ अर्ब ५२ करोड अर्थात ३.४० प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा निष्कृय कर्जाको अनुपात २.३० प्रतिशत रहेको थियो भने २०८१ असोज मसान्तमा यस्तो अनुपात २.३२ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा निष्क्रिय कर्जा ७.८५ प्रतिशतले बढेको छ भने सक्रिय कर्जा ८.३७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा निष्क्रिय कर्जा ९.५४ प्रतिशतले घटेको थियो भने सक्रिय कर्जा १०.४७ प्रतिशतले घटेको थियो ।

तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा)

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
सक्रिय कर्जा	५,२६१.६६	४,७१०.६८	४,७३५.६५	४,३३९.०६	(१०.४७)	(८.३७)
निष्क्रिय कर्जा	१२३.७०	१११.९०	१४१.४४	१५२.५४	(९.५४)	७.८५
कुल कर्जा तथा सापट	५,३८५.३६	४,८२२.५९	४,८७७.०९	४,४९१.६०	(१०.४५)	(७.९०)
निष्क्रिय कर्जा अनुपात	२.३०	२.३२	२.९०	३.४०		

२०८२ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट र निष्क्रिय कर्जा अनुपात दुवैमा वृद्धि भएको छ। खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८२ असार मसान्तको तुलनामा २०८२ असोज मसान्तमा १.३१ प्रतिशतले बढेर रू.४ खर्ब ४८ अर्ब ८३ करोड पुगेको देखिन्छ। यसैगरी, २०८२ असोज मसान्तमा निष्क्रिय कर्जा रु.३८ अर्ब ३८ करोड अर्थात ८.५५ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर २३.७४ प्रतिशत छ भने सक्रिय कर्जा ०.३८ प्रतिशतले घटेको छ। २०८२ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक संस्थाहरुले पुनरतालिकिकरण गरेको कर्जा रकम रु. ३९ अर्ब १० करोड रहेको छ।

तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा)

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/ (१)*१००	(४-३)/ (३)*१००
सक्रिय कर्जा	३७,७१६.२३	३७,८००.९२	४१,२००.९०	४१,०४४.५८	०.२२	(०.३८)
निष्क्रिय कर्जा	२,४८२.१२	३,२३१.६२	३,१०२.०३	३,८३८.४०	३०.२०	२३.७४
कुल कर्जा तथा सापट	४०,१९८.३४	४१,०३२.५४	४४,३०२.९३	४४,८८२.९८	२.०८	१.३१
निष्क्रिय कर्जा अनुपात	६.१७	७.८८	७.००	८.५५		

२०८२ असोज मसान्तसम्ममा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सामा सामान्य वृद्धि देखिएको छ। लघुवित्त वित्तीय संस्थाहरुले २०८२ असोज मसान्तमा प्रवाह गरेको कुल कर्जाको ५४.७२ प्रतिशत कृषि क्षेत्रमा तथा २२.९२ प्रतिशत कर्जा सेवा व्यवसाय क्षेत्रमा प्रवाह भएको देखिन्छ। २०८२ असोज मसान्तमा थोक कर्जा शिर्षकमा ९.९७ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ। २०८२ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.१७ प्रतिशत तथा अन्य क्षेत्रमा ९.२२ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ।

तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार	२०८१ असोज	२०८२ असार	२०८२ असोज	२०८२ असोज (प्रतिशत)
कृषि	२२,७०४.३२	२३,१९४.४२	२६,४३२.१०	२७,०१९.६३	५४.७२
सेवा व्यवसाय	११,०४८.३४	१०,९३५.१७	११,५७८.३४	११,३१७.९९	२२.९२
थोक कर्जा	५,३८५.३६	४,८२२.५९	४,८७७.०९	४,९२०.८९	९.९७
घरेलु तथा लघु उद्योग	१,९१०.०३	२,१७९.९४	१,५९८.६०	१,५६ ४.४३	३.१७
अन्य	४,०८३.००	४,७२३.०१	४,६९३.८९	४,५५१.६४	९.२२
जम्मा	**४५,१३१.०५**	**४५,८५५.१३**	**४९,१८०.०२**	**४९,३७४.५८**	**१००.००**

२०८२ असोज मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था बढेको छ। २०८२ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय

संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा १४.४१ प्रतिशतले बढेर रू. २ अर्ब १० करोड पुगेको छ। जसमध्ये, निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ६.९० प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम र निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम क्रमश ०.७८ प्रतिशत र २३.११ प्रतिशतले बढेको थियो ।

तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/१)*१००	४-३)/(३)*१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	९९.६३	७८.३४	५८.८१	७६.६६	(२१.३७)	३०.३४
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	९८.८४	१२१.६९	१२४.७५	१३३.३६	२३.११	६.९०
कुल कर्जा नोक्सानी व्यवस्था	१९८.४८	२००.०२	१८३.५६	२१०.०२	०.७८	१४.४१
कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात)	३.६९	४.१५	३.७६	४.६८		

२०८२ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ। २०८२ असोज मसान्तमा त्यसता लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ६.५३ प्रतिशतले बढेर रू. २७ अर्ब ८३ करोड पुगेको छ। जसमध्ये, निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था २०८२ असार मसान्तको तुलनामा ९.१८ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ४५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम १०.१९ प्रतिशत र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था रकम १२.४८ प्रतिशतले बढेको थियो ।

तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

कर्जा विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/ (१)*१००	(४-३)/ (३)*१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	६६६.३०	७०३.७३	१,०१४.३४	१,०३८.२४	५.६२	२.३६
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	१,३३२.८०	१,४९९.१८	१,५९८.५७	१,७४५.३२	१२.४८	९.१८
कुल कर्जा नोक्सानी ब्यवस्था	१,९९९.११	२,२०२.९१	२,६१२.९१	२,७८३.५५	१०.१९	६.५३
कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात)	४.९७	५.३७	५.९०	६.२०		

२०८२ असोज मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश र लघु व्यवसाय कर्जाको अंशमा सामान्य वृद्धि भएको छ । २०८२ असोज मसान्तमा

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १६.६४ प्रतिशत रहेको छ। यस्तो अनुपात २०८२ असार मसान्तमा १६.१२ प्रतिशत रहेको थियो। साथै, लघु व्यवसाय कर्जाको अंश २०८२ असारमा ७६.२९ प्रतिशत रहेकोमा २०८२ असोजमा ७५.५३ प्रतिशत रहेको छ।

तालिका २.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
धितो कर्जा	७,६३५.५७	७,४६६.४२	७,१४३.७३	७,४६६.४२	(२.२२)	४.५२
लघु व्यवसाय कर्जा	२८,८०७.५०	२९,७५७.४१	३३,७९९.३३	३३,९०२.३४	३.३०	०.३०
अन्य कर्जा	३,७५५.२७	३,८०८.७१	३,३५९.८८	३,५१४.२२	१.४२	४.५९
कुल कर्जा तथा सापट प्रदान	४०,१९८.३४	४१,०३२.५४	४४,३०२.९३	४४,८८२.९८	२.०८	१.३१
धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	१८.९९	१८.२०	१६.१२	१६.६४		
लघु व्यवसाय कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	७१.६६	७२.५२	७६.२९	७५.५३		
अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	९.३४	९.२८	७.५८	७.८३		

२.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा सामान्य बृद्धि भएको देखिन्छ। २०८२ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु.१० अर्ब ७१ करोड पुगेको छ जुन २०८२ असार मसान्तको तुलनामा १.७० प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्षको पहिलो त्रयमासमा कुल लगानी २.३२ प्रतिशतले घटेको थियो। लघुवित्त वित्तीय संस्थाहरूले मुद्दती निक्षेपमा २०८२ असोज मसान्तसम्ममा रु.८ अर्ब ६५ करोड राखेका छन् जुन रकम २०८२ असार मसान्तको तुलनामा २.९७ प्रतिशतले बढेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्दती निक्षेपमा राखेको रकम ५.२८ प्रतिशतले घटेको थियो। साथै लघुवित्त वित्तीय संस्थाहरूले समीक्षा अवधिमा शेयर तथा डिवेन्चरमा गरेको लगानी यथावत नै रहेको छ।

तालिका २.११: लगानी विवरण

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
सरकारी सुरक्षणपत्र	९६.९०	११२.९०	१०८.००	१०७.८९	१६.५१	(०.१०)
शेयर तथा डिवेन्चर	९.२९	९.२७	७.५५	७.५५	(०.२३)	-
मुद्दती निक्षेप	८२३.८१	७८०.३१	८४०.१७	८६५.१०	(५.२८)	२.९७
अन्य लगानी	८९.०९	९३.०३	९७.९४	९१.०७	४.४२	(७.०२)
जम्मा लगानी	१,०१९.१०	९९५.५१	१,०५३.६५	१,०७१.६०	(२.३२)	१.७०

२.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८२ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै घटेको छ। उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु.५ खर्ब ७७ अर्ब ७ करोड पुगेको छ जुन २०८२ असार मसान्तको तुलनामा ५.०२ प्रतिशतले कम हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति २.०७ प्रतिशतले बढेको थियो। २०८२ असोज मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९०.०३ प्रतिशत रहेको छ जुन २०८२ असार मसान्तमा ९१.३५ प्रतिशत रहेको थियो।

तालिका २.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
कुल सम्पत्ति	५३,१७५.१५	५४,२७६.७९	६०,७५५.५३	५७,७०७.२७	२.०७	(५.०२)
जोखिम भारित सम्पत्ति	५१,२५४.२०	५१,९५३.०२	५५,५०२.८९	५१,९५३.०२	१.३६	(६.४०)
जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)	९६.३९	९५.७२	९१.३५	९०.०३		

२.७ मुनाफा स्थिति

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको पहिलो त्रयमासको तुलनामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ। २०८२ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु.७८ करोड र ब्याज खर्च रु.३५ करोड रहेको छ। समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रु.२६ करोड खुद मुनाफा गरेका छन्, जुन अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा २८.७० प्रतिशतले कम हो।

तालिका २.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(३-१)/(१)*१००	(४-२)/(२)*१००
ब्याज आम्दानी	५८७.४७	११७.०५	४०४.४४	७८.६७	(३१.१६)	(३२.७९)
ब्याज खर्च	३११.८८	५६.२३	१८१.३१	३५.५३	(४१.८७)	(३६.८२)
सञ्चालन आम्दानी	२८०.२७	६१.७६	२२६.६७	४३.३७	(१९.१३)	(२९.७७)
खूद नाफा/नोक्सान	१२५.४९	३७.३७	१२७.९२	२६.६४	१.९४	(२८.७०)

समीक्षा अवधिमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु नाफा बढेको देखिन्छ। ती लघुवित्त वित्तीय संस्थाहरुको २०८१ असोज मसान्तमा खुद नोक्सान रु.४५ करोड रहेकोमा २०८२ असोज मसान्तमा खुद नाफा रु. १ अर्व ५९ करोड रहेको देखिन्छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु.१४ अर्ब ९५ करोड र ब्याज खर्च रु.७ अर्ब ३१ करोड रहेको छ (तालिका २.१४)। **यस अवधिमा**

सञ्चालित ४९ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये १० वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ।

तालिका २.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन (३-१)/(१)*१००	प्रतिशत परिवर्तन (४-२)/(२)*१००
ब्याज आम्दानी	५,३११.५९	१,३३१.०९	५,८३३.६०	१,४९५.८६	९.८३	१२.३८
ब्याज खर्च	३,१२२.२८	७७९.८६	२,९६६.४०	७३१.२०	-४.९९	(६.२४)
सञ्चालन आम्दानी	२,६७०.३७	६५०.१४	३,४२२.०५	८७७.०४	२८.१५	३४.९०
खूद नाफा/नोक्सान	५१४.८७	(४४.९८)	७२८.१६	१५९.७६	४१.४३	४५५.२०

२.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा ह्रास आएको देखिन्छ। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन्। २०८२ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०८२ असारको तुलनामा ७६.०८ प्रतिशतले ह्रास भई रु.१ अर्ब ८१ करोड पुगेको छ।

२०८२ असोज मसान्तमा तरल सम्पत्ति/कुल बचत तथा निक्षेप अनुपात ३.६५ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो अनुपात १२.९६ प्रतिशत रहेको थियो। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असोज महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.४८ प्रतिशत र ३.५८ प्रतिशत रहेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ।

तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू.करोडमा)

विवरण	२०८१ असार (१)	२०८१ असोज (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन (२-१)/(१)*१००	प्रतिशत परिवर्तन (४-३)/(३)*१००
नगद	५.३५	४.२२	३.५१	३.२९	(२१.१३)	(६.२५)
नेपाल राष्ट्र बैंक मौज्दात	१३१.३२	०.०३	१३९.८२	०.०३	(९९.९८)	(९९.९८)
बैंक तथा बित्तीय संस्था मौज्दात	५३४.४५	२२७.७९	५१२.८३	१७८.३३	(५७.३८)	(६५.२३)
सरकारी सुरक्षणपत्रमा लगानी	९६.९०	-	१०३.१८	-	(१००.००)	(१००.००)
कुल तरल सम्पत्ति	७६८.०२	२३२.०४	७५९.३३	१८१.६६	(६९.७९)	(७६.०८)
कुल निक्षेप (अघिल्लो त्रयमास)	५,२६९.५२	४,९८३.०६	५,८५७.७३	४,९८३.०६	(५.४४)	(१४.९३)
तरल सम्पत्ति/	१४.५७	४.६६	१२.९६	३.६५		

कुल निक्षेप (प्रतिशत)				
तरल सम्पत्ति/कुल निक्षेप तथा सापटी (प्रतिशत)	१२.७२	३.९८	०.१३	३.११
वैधानिक तरलता अनुपात	४.३७	४.४८	४.००	४.४८
अनिवार्य मौज्दात अनुपात	३.७४	३.५८	३.२७	३.५८

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असोज मसान्तमा तरल सम्पत्ति २०८२ असारको तुलनामा १६.०५ प्रतिशतले वृद्धि भई रु.४१ अर्ब ७७ करोड पुगेको छ। २०८२ असार मसान्तमा २६.५५ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८२ असोज मसान्तमा भने ३५.६३ प्रतिशत पुगेको छ। समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात बढेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८२ असोज महिनाको अनिवार्य मौज्दात अनुपात ०.६१ प्रतिशत रहेको छ (तालिका २.१६)। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाहरु मध्ये सुपर लघुवित्त वित्तीय संस्था लि. (समस्याग्रस्त संस्थाको रुपमा घोषित) बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ।

तालिका २.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू.करोडमा)

विवरण	२०८१ असार (१)	असोज २०८१ (२)	२०८२ असार (३)	२०८२ असोज (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
नगद	३७.०५	४४.१७	२९.०१	२९.२३	१९.१९	०.७६
नेपाल राष्ट्र बैंक मौज्दात	१०२.६३	२२०.३४	२९६.८५	४३६.६३	११४.६९	४७.०९
बैंक तथा बित्तीय संस्था मौज्दात	२,६४८.३५	३,५९६.०८	३,२६९.५१	३,६०४.०१	३५.७९	१०.२३
सरकारी सुरक्षणपत्रमा लगानी	-	११२.९०	४.८२	१०८.००	-	२,१४०.३८
कुल तरल सम्पत्ति	२,७८८.०४	३,९७३.४९	३,६००.१९	४,१७७.८७	४२.५२	१६.०५
कुल निक्षेप (अघिल्लो त्रयमास)	११,९९६.५६	११,७२६.२१	१३,५६०.००	११,७२६.२१	(२.२५)	(१३.५२)
कुल सापटी (अघिल्लो त्रयमास)	२१,५२६.४४	२१,०६५.८७	२७.००	२१,०६५.८७	(२.१४)	७७,९२१.७५
तरल सम्पत्ति/कुल निक्षेप/बचत (प्रतिशत)	२३.२४	३३.८९	२६.५५	३५.६३		
तरल सम्पत्ति/कुल निक्षेप तथा सापटी (प्रतिशत)	८.३२	१२.१२	२६.५५	१२.७४		
अनिवार्य मौज्दात अनुपात	०.५७	०.६१	०.६४	०.६१		

खण्ड (३)

निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय स्रोत संकलन, अनिवार्य मौज्दात, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमा, ब्याजदर सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असोज मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सुपर लघुवित्त वित्तीय संस्था लि. को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ। सुपर लघुवित्त वित्तीय संस्थालाई शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ को (घ) बमोजिम समस्याग्रस्त घोषणा गरिएको छ । यस त्रयमासमा नाडेप लघुवित्त वित्तीय संस्थालाई मिति २०८२/०४/०२ मा सोही विनियमावलीको विनियम ३ को (क) बमोजिमको कारवाही गरिएको छ भने अन्य ५० वटा लघुवित्त वित्तीय संस्थाहरूले पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको देखिन्छ ।

३.२ वित्तीय स्रोत संकलन

अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने विद्यमान व्यवस्था रहेकोमा २०८२ असोज मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८२ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/ पुर्नतालिकीकरण कर्जाका लागि ५ प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ। साथै सक्रिय कर्जाका लागि कुल कर्जा रकमको २.२६ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

(ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८२ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जालाई कमसल, शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमश २५, ५० र १०० प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८२ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ८.०८ प्रतिशत रहेको देखिन्छ। साथै निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको ३.८० प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८२ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु २९ अर्ब ९३ करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन् । उक्त रकम कुल बाँकी कर्जाको ६.०६ प्रतिशत र निष्कृय कर्जाको ९२.३० प्रतिशत रहेको देखिन्छ ।

३.४ धितो कर्जा र कुल कर्जा अनुपात

लघुवित्त वित्तीय संस्थाहरुले आफूले प्रदान गरेको कुल कर्जाको एक-तिहाईमा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८२ असोज मसान्तमा धितो कर्जा कुल कर्जाको १४.०१ प्रतिशत मात्र रहेको देखिन्छ ।

३.५ कृषि क्षेत्रमा कुल कर्जाको अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्नेछ भन्ने व्यवस्था सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.६ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत तथा सापटी कोषको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असोज मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.७ तरल सम्पत्ति अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८२ असोज मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.८ निक्षेप/बचतको ब्याजदर सम्बन्धमा

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०८१ अनुसार लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा सम्पदा लघुवित्त वित्तीय संस्था लि., बन्दीपुर, तनहुँ तथा समता घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रेपलाञ्चोक बाहेक सबै संस्थाले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ । उक्त निर्देशन पालना नगर्ने उक्त दुवै संस्थाहरुलाई उक्त व्यवस्थाको पुर्णपालना गराउने प्रयोजनका लागि पत्राचार गरी आवश्यक कारवाही अघि बढाइएको छ ।

३.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको सम्बन्धमा २०८१ असोज मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ। साथै, यस बैंकले सञ्चालनमा ल्याएको सुपरिवेक्षकीय सूचना प्रणालीमा श्रृजनशील लघुवित्त वित्तीय संस्था लि., गोलबजार, सिराहाले हालसम्म कुनै पनि तथ्यांक नपठाएको तथा अन्य संस्थाहरुले नियमितरुपमा तोकिएका अधिकांश तथ्यांकहरु पठाइरहेको देखिन्छ। हालसम्म कुनै पनि तथ्यांक नपठाएको उक्त संस्थालाई सुपरिवेक्षकीय सूचना प्रणालीमा समेत नियमित तथ्यांक पेश गर्ने सम्बन्धमा आवश्यक पत्राचार गरिएको छ।

-०-